नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

# सुनसरी भन्सार कार्यालय

सेतुबन्ध, सुनसरी

प्रमुख भन्सार अधिकृत

मिति:- २०८३।०३।११

**विषय:- लिलाम बढावढ सम्बन्धी १५ (पन्ध्र) दिने सार्बजनिक सूचना।**

विभिन्न निकायहरुको प्रतिवेदनले बादी नेपाल सरकार सतिवादी वारिसे/वेवारिसे भएको तपसीलमा उल्लेखित भन्सार चोरी निकासी/पैठारी अभियोगमा यस कार्यालयमा दाखिला हुन आएको तपसीलमा उल्लेखित एकमुष्ट जम्मा मूल्य रु.४७,०७५।०० **(अक्षेरेपी रु. सड्चालिस हजार पचहत्तर मात्र।)** को वस्तु जे जस्तो अवस्थामा छ, सोही अवस्थामा मिति २०८३।०३।२५ गते बिहिवारका दिन दिनको १३:०० बजेदेखि १५:०० बजेसम्म खुल्ला बोलकबोल प्रकृया अनुसार यस कार्यालयको मुद्दा शाखाबाट लिलाम बिक्री गरिने भएकाले ईच्छुक सबै फर्म, कम्पनी तथा संस्थालाई लिलामी प्रकृयामा सहभागी हुन भन्सार ऐन, २०८२ को दफा ९२ तथा भन्सार नियमावली २०८३ को नियम ८५(२) वमोजिम यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ। डांक कबोल गर्नेले कबोल गर्नु अगावै लिलामी रकमको दश प्रतिशत हुने रकम धरौटी वापत दाखिला गर्नुपर्नेछ । लिलाम स्विकृत भएको बस्तु ७ (सात) दिनभित्र लाग्ने सम्पूर्ण कर तथा महशुल दाखिला गरी वस्तु उठाई लैजानु पर्नेछ। लिलाम स्विकृत भएका बोलकबोलकर्ताले वस्तु उठाई नलगेमा निजको धरौटी रकम जफत गरी क्रमशः दोस्रो, तेस्रो र चौथो बोलकबोलकर्ताले बोलकबोल अङ्क स्विकृत गर्न सकिनेछ। लिलाम बिक्री हुने वस्तु हेर्न चाहनेले कार्यालयको समयभित्र यस कार्यालयको मुद्दा शाखामा सम्पर्क राखी हेर्न सक्नेछ। लिलाम स्विकृत गर्ने नगर्ने अधिकार यस कार्यालयमा निहित हुनेछ।

तपसिल

| सि.नं. | मुद्दा नं./मिति | प्रतिवेदक निकाय | चिनीको परिमाण (किलोमा) | प्रतिवेदन मुल्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | ५७४/२०८३.०३.०९ | जिल्ला प्रहरी कार्यालय, इनरुवा, सुनसरी। | ३७० | २५९००.०० | |
| २ | ५७६/२०८३.०३.१० | इलाका प्रहरी कार्यालय, दुहवी, सुनसरी। | ११५ | ८०५०.०० | |
| ३ | ५७७/२०८३.०३.१० | इलाका प्रहरी कार्यालय, दुहवी, सुनसरी। | ८८ | ६३००.०० | |
| ४ | ५७८/२०८३.०३.११ | स.प्र.व.नेपाल, सीमा सुरक्षा गुल्म, हरिपुर, सुनसरी। | १०५ | ६८२५.०० | |
| | | जम्मा :- | ६७८ | ४७०७५.०० | |